आज मिति २०७९।०५।१५ गतेका दिन यस मेलौली नगरपालिकाका नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगरप्रमुख | |
| २ | श्री पार्वती बोहोरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री डब्बल सिंह नायक | का.बा. वडा अध्यक्ष वार्ड नं. १ | |
| ४ | श्री कृष्ण दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. २ | |
| ५ | श्री गगन सिंह भाट | वडा अध्यक्ष वार्ड नं. ३ | |
| ६ | श्री हर्क बहादुर चन्द | वडा अध्यक्ष वार्ड नं. ४ | |
| ७ | श्री भरत सिंह पुजारा | वडा अध्यक्ष वार्ड नं. ५ | |
| ८ | श्री तारा दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. ६ | |
| ९ | श्री राम चन्द्र भट्ट | वडा अध्यक्ष वार्ड नं. ७ | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | वडा अध्यक्ष वार्ड नं. ८ | |
| ११ | श्री लोक राज भट्ट | वडा अध्यक्ष वार्ड नं. ९ | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री बिजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री जगदिश प्रसाद जोशी | सदस्य सचिव | |

प्रस्तावहरु:

प्रस्ताव नं. १ नगर शिक्षा समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. २ नगर खेलकुद विकास समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. ३ अतिक्रमित सार्वजनिक जमिनको नियन्त्रण तथा व्यवस्थापन सम्वन्धमा।

प्रस्ताव नं. ४ सिफारीस सम्बन्धमा।

प्रस्ताव नं. ५ जाँड रक्सी नियन्त्रण सम्बन्धमा।

प्रस्ताव नं ६ जिल्ला दर रेट स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ७ दरखास्त आह्वान सम्बन्धमा।

प्रस्ताव नं ८ मेडिकल अधिकृतको सेवा सुविधा सम्बन्धमा।

प्रस्तान नं.९ छानविन समितिले छानविन गरेका योजनाहरुको भुक्तानी गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० विद्यालयहरुको लेखा परीक्षण गर्ने सम्बन्धमा।

प्रस्ताव नं.११ दुर्घटना भएको नगरपालिकाको टेक्टर निकाल्ने सम्बन्धमा।

प्रस्ताव नं. १२ नयाँ योजना छनोट सम्बन्धमा।

प्रस्ताव नं. १३ सडक सफाईका सम्बन्धमा।

भीम बहादुर चन्द
नगर प्रमुख

प्रमुख प्रशासकीय अ

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णयहरु:** निर्णय नं.१ प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा ११ सदस्यीय नगरस्तरिय शिक्षा समिति रहने गरी नगरस्तरिय विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७६ लाई संशोधन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतले पारीत गरियो।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा ११ सदस्यीय मेलौली नगरपालिकाको खेलकुद विकास समिति रहने गरी मेलौली नगरपालिकाको खेलकुद सञ्चालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि निर्माण गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतले पारीत गरीयो।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको सार्वजनिक जग्गा अतिक्रमण गरी घर टहरा निर्माण गरेका क्षेत्रको लगत संकलनका लागि संघीय सरकारसँग समन्वय गरी जग्गा नाँपजाँच गरी लगत संकलनको कार्य अगाडि बढाउने निर्णय सर्वसम्मतले पारीत गरीयो।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा कार्यान्वयनमा रहेका ठेक्काहरुलाई वडाको सिफारीसका आधारमा नगरस्तरीय अनुगमन समितिले अनिवार्य अनुगमन गरी पेश गरेको प्रतिवेदनको आधारमा भुक्तानी प्रकृया अगाडि बढाउने निर्णय सर्वसम्मतले पारीत गरीयो।

निर्णय नं.५ प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस नगरपालीकामा प्रचलीत कानून बमोजिम सञ्चालनमा रहेका मदिरा पसल व्यवस्थापनका लागि कार्यविधि बनाउने निर्णय सर्वसम्मतले पारीत गरीयो।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि दररेट स्वीकृत गर्ने निर्णय सर्वसम्मतले पारीत गरीयो ।

भीम बहादुर चन्द

प्रमुख प्रशा...

निर्णय नं.७ प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा मेडिकल अधिकृत, कृषि अधिकृत, रोजगार सहायक र अनमीको पदमा दरखास्त आह्वान गर्ने, २ जना कम्प्युटर अपरेटरलाई मासिक ज्याँलादारीमा काममा लगाउने, पाले र नगरप्रमुखको सचिवालयमा काम गर्ने गरी मासिक ज्यालादारीमा काममा खटाएका का. स. र पालेको नियुक्ति अनुमोदन गर्ने निर्णय सर्वसम्मतले पारीत गरीयो।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा यस यस नगरपालिका अन्तर्गत केशरपुर स्वास्थ्य चौकिमा रिक्त रहेको मेडिकल अधिकृतको पदमा तपसिल बमोजिमको सेवा सुविधा तलबवाफत नगरपालिकाले बढीमा संघीय सरकारबाट प्राप्त तलब वाहेक ८०,०००।०० (अक्षेरुपी रु असी हजार रुपैया मात्र) थप गर्न सक्ने गरी आपसी सहमतिमा करार सम्झौता गर्ने निर्णय सर्वसम्मतले पारीत गरीयो।

निर्णय नं.९ प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको योजना छानविन कार्यविधि,२०७९ बमोजिम छानविन भई आएका योजनाहरुको प्रतिवेदनको आधारमा भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारीत भयो।

निर्णय नं.१० प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा रहेका सम्पुर्ण विद्यालय तथा शैक्षिक सस्थाहरुको लेखा परीक्षण गराउने प्रयोजनका लागि सूची दर्ता सूचना आह्वान गर्ने निर्णय सर्वसम्मतीले पारीत गरीयो।

निर्णय नं.११ प्रस्ताव नं.११ माथि आवश्यक छलफल गर्दा २०७८ मा यस दुर्घटना भएको ट्याक्टरलाई दुर्घटनास्थलबाट कार्यालयको भवनसम्म पुर्याउनको लागि २००,०००।०० नगरपालिकाको आन्तरिक स्रोत शिर्षकबाट खर्च हुने गरी छुट्याउने र दुर्घटनाग्रस्त ट्याक्टरलाई कार्यालय सम्म पुर्याउनको लागि कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारीत गरीयो।

भीम बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा तपशिल बमोजिमका योजनाहरु नगरसभाबाट अनुमोदन गर्ने गरी छनोट गर्ने र आन्तरिक स्रोतबाट बजेट विनियोजन हुने गरी नगरसभाबाट अनुमोदन गर्ने गरी सर्वसम्मतले निर्णय पारीत गरीयो।

तपसिलः

| क्र.स. | योजनाको नाम | बजेट | स्रोत |
|---|---|---|---|
| १ | छोयानी काफलकाँडा खानेपानी योजना, वडा नं.५ | १०,००,००० | आन्तरीक |
| २ | कुजगाड काँडा दवानी खानेपानी योजना, वडा नं. ७ | २०,००,००० | आन्तरीक |
| ३ | सूनीखोला देखी वडरपाखाखेत सिचाई योजना, वडा नं.८ | ६,००,००० | आन्तरीक |
| ४ | बनाली तल्लो खोला सिचाई योजना, वडा नं.७ | ५,००,००० | आन्तरीक |
| ५ | सिरोडा मलेना हुँदै कुचिगाड सडक, वडा ३ र वडा नं.५ | १०,००,००० | आन्तरीक |
| ६ | बसाडि सडक वडा नं.१ | ८,००,००० | आन्तरीक |
| ७ | खलीगाड शेरा झुरकाली सडक, वडा नं.५ | ५,००,००० | आन्तरीक |
| ८ | सिमगड किचानी सिचाई पोखरी, वडा नं.९ | ३,००,००० | आन्तरीक |
| ९ | बिजयपुर मा.वी. गेट निर्माण तथा मर्मत, वडा नं.४ | ६,००,००० | आन्तरीक |
| १० | बशपार्कमा आवश्यक पूर्वाधार निर्माण | १५,००,००० | आन्तरीक |
| ११ | कार्यालय परिसर घेरबार रिटेनिङ वाल तथा गेट निर्माण | २०,००,००० | आन्तरीक |

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम

प्रमुख प्रशासकीय अधिकृत

भीम ... नगर प्रमुख

निर्णय नं.१३. प्रस्ताव नं.१३ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाहरुमा वर्षादको कारणले अवरुद्ध भएका सडकहरु सफाईका लागि कार्यालयको JCB प्रयोग गर्ने र त्यसमा लाग्ने ईन्धनको लागि आन्तरीक स्रोतबाट रु ३,००,०००।०० ( अक्षेरुपी तिन लाख मात्र ) विनियोजन गर्ने निर्णय सर्वसम्मतीले पारीत गरीयो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्या…
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश